मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन


"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः २ | अङ्कः १० | मितिः २०८० बैशाख १० गते, आइतबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## नव वर्ष २०८० को हार्दिक मंगलमय शुभकामना
















Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः २ | अङ्कः १० | मितिः २०८० बैशाख १० गते, आइतबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## मर्स्याङ्दी गाउँपालिकाका निर्माणाधिन योजनाहरुको अनुगमनका तस्बिरहरु

























Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

मर्स्याङ्दी गाउँपालिकाको आधिकारीक मासिक प्रकाशन

# मर्स्याङ्दी बुलेटीन

"समृद्ध, आधुनिक, हराभरा मर्स्याङ्दी गाउँपालिकाको आधारः कला, संस्कृतिको संरक्षण, कृषि, पर्यटन, उर्जा र पूर्वाधार"

वर्षः २ | अङ्कः १० | मितिः २०८० बैशाख १० गते, आइतबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति







## अलैंची खेती केन्द्रित पर्यटन प्रबर्द्धन कार्यक्रमको उद्धाटन सम्पन्न



मिति २०७९ चैत्र २६ गते ईको हिमाल नेपालको सहयोग र मर्स्याङ्दी गाउँपालिका वडा नं. ७ स्थित बि एण्ड बि ब्यवस्थापन समितिको आयोजनामा (छिनखोला, शेरा, ताराचोक र लुदि) अलैंची खेती केन्द्रित पर्यटन प्रबर्द्धन कार्यक्रम मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यताम उद्धाटन कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रम बि एण्ड बि ब्यवस्थापन समितिका अध्यक्ष सोम बहादुर तामाङको अध्यक्षतमा भएको थियो भने बिशेष अतिथि मर्स्याङ्दी गाउँपालिकाका उपाध्यक्ष जुनामायाँ थापा, मर्स्याङ्दी गाउँपालिका सामाजिक बिकास समितिका संयोजक एवं वडा नं. ७ का वडा अध्यक्ष तिल बहादुर गुरुङ, वडा सदस्य दुर्गा बहादुर तामाङ, ईको हिमालका कोषाध्यक्ष राजेश बिष्ट, पत्रकार महासंघ पुर्व केन्द्रिय सदस्य नवीनराज कुईकेल, पत्रकार महासंघ लमजुङ जिल्ला उपाध्यक्ष अनुज अधिकारी, वडा सचिव पबित्रा घर्ती मगर लगायत उपस्थित हुनुहुन्थ्यो ।कार्यक्रमको सहजीकरण अजय तामाङले गर्नुभएको थियो । उक्त कार्यक्रम अन्तर्गत होम स्टे ब्यवस्थापन र सञ्चालनका लागि अतिथि सत्कार, सीप, सरसफाई, हाउस किपिङ, सामाजिक संजाल र बजारीकरण स्थानीय समुदायको क्षमता अभिबृद्दीका लागि पाँच दिने तालिम रहेको छ।











Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

संरक्षकः अर्जुन गुरुङ सल्लाहकारः तारा बहादुर तामाङ प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## विपद् उत्थानशिल कार्यढाँचा प्रमाणीकरण कार्यशाला सम्पन्न

मिति २०७९ चैत्र २१ गते CRS को सहयोग तथा RCDC को आयोजना र गाउँपालिकाको समन्वयमा विपद् उत्थानशिल कार्यढाँचा प्रमाणिकरण कार्यशाला गोष्ठी सम्पन्न भएको थियो ।उक्त कार्यशालाको अध्यक्षता गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यले गर्नुभएको थियो भने कार्यक्रम CRS का प्रतिनिधिहरुले सञ्चालन गर्नुभएको थियो । विपद् व्यवस्थापन गर्नुभन्दा विपद् नै आउन नदिन र आइहालेमा त्यसको क्षति कम हुने गरी तयारी गर्नुपर्ने आजको आवश्यकता रहेको र उक्त कार्यको लागि कार्यढाँचा निर्माण गरी अघि बढ्नुपर्ने आभिप्रायका साथ कार्यक्रम सम्पन्न भएको थियो ।









## पोषण मैत्री संस्था घोषणाको लागि कार्ययोजना निर्माण गोष्ठी सम्पन्न



मर्स्याङ्दी गाउँपालिका वडा नं ३ स्थित खुदी स्वास्थ्य चौकीलाई पोषण मैत्री स्वास्थ संस्था घोषणको लागि पोषण कार्यक्रम कार्यान्वयनको मूल्याङ्कन तथा कार्ययोजना निर्माण गोष्ठी सम्पन्न भएको छ । उक्त गोष्ठीमा स्वास्थ्य चौकी व्यवस्थापन समितिका पदाधिकारी, स्वास्थ्यकर्मी लगायतका सहभागीहरुको उपस्थिति रहेको थियो । स्वस्थ पोषण नै स्वस्थ नागरिक र स्वस्थ देश निर्माणको आधार रहेको धारणा उक्त कार्यक्रमका प्रशिक्षक द्वारा व्यक्त गर्नुभएको थियो ।



## नव निर्वाचित जनप्रतिनिधिहरुको अभिमुखिकरण कार्यक्रम सम्पन्न

मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा बाहुनडाँडा स्वास्थ्य चौकीमा मिति २०७९ चैत्र २८ गते पूर्ण खोप गाउँपालिका सुनिश्चितताको लागि वडा खोप समन्वय समिति तथा नव-निर्वाचित जनप्रतिनिधिहरुको अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको थियो । गाउँपालिकाका कुनै पनि बालबालिका खोप लगाउनबाट बञ्चित नहुन भन्ने अभिप्रायका साथ उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमबाट खोपको महत्त्वको बारेमा थप जानकार भएको व्यहोरा सहभागी जनप्रतिनिधिहरुले व्यक्त गर्नुभएको थियो ।





Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः २ | अङ्कः १० | मितिः २०८० बैशाख १० गते, आइतबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


## मर्स्याङ्दी गाउँपालिका सामुदायिक वन उपभोक्ता महासंघको दोस्रो गाउँ अधिबेशन सम्पन्न

यहि मिति २०७९ चैत्र २५ गते स्थानीय बन उपभोक्ता महासंघ मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा मर्स्याङ्दी गाउँपालिका सामुदायिक बन उपभोक्ता महासंघको दोस्रो गाउँ अधिबेशन मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष अर्जुन गुरुङज्यूको प्रमुख आतिथ्यताम सम्पन्न भएको थियो । स्थानीय बन उपभोक्ता महासंघ मर्स्याङ्दी गाउँपालिकाको अध्यक्ष कृष्ण प्रसाद घिमिरेको अध्यक्षतामा भएको अधिबेशनमा केन्द्रीय सचिवालय सदस्य डोल कुमारी सापकोटा गण्डकी प्रदेश कमिटी कोषाध्यक्ष भोला पौडेल, प्रदेश कमिटी सदस्य बिष्णु घिमिरे, लमजुङ जिल्ला कोषाध्यक्ष शान्ता सपकोटा, सचिवालय सदस्य मन्ध्वज गुरुङ, सदस्य सानू गुरुङ लगायत मर्स्याङ्दी वडा नं. ५, ६, ७, ८ र ९ का बन उपभोक्ता समितिका अध्यक्ष तथा प्रतिनिधिहरुको उपस्थित थियो । भेलाले शेर बहादुर थापाको अध्यक्षतामा ११ सदस्यीय स्थानीय बन उपभोक्ता महासंघ मर्स्याङ्दी गाउँपालिका गठन गरेको छ, जिल्ला र प्रदेश अधिबेशनका लागि ४/४ जना महिला प्रतिनिधित्व हुने गरि ८/८ जना प्रतिनिधि चयन गरेको थियो ।









## क्षयरोग कार्यक्रमको अर्धवार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण कार्यक्रम सम्पन्न




मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा क्षयरोग कार्यक्रमको अर्धवार्षिक समीक्षा तथा कोहर्ट विश्लेषण गोष्ठी मिति २०७९ चैत्र २४ गते सम्पन्न भएको थियो । उक्त कार्यक्रमको अध्यक्षता गाउँपालिकाका अध्यक्ष श्री अर्जुन गुरुङ ज्यूले गर्नुभएको थियो । कार्यक्रमका विभिन्न स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरुलाई प्रशिक्षण दिइएको थियो । यस कार्यक्रमले गाउँपालिकामा लुकेर बसेका क्षयरोगीहरुको पहिचान तथा उपचारमा उल्लेखिय टेवा पुर्याउनेमा विश्वस्थ रहेको धारणा गाउँपालिकाका अध्यक्षले व्यक्त गर्नुभएको थियो। साथै क्षयरोगलाई निर्मुल पार्नको लागि विभिन्न कार्ययोजना निर्ण्ण गरिएको थियो ।





## ग्रामिण अल्ट्रासाउण्ड घुम्ति शिविर कार्यक्रम सम्पन्न




मर्स्याङ्दी गाउँपालिका स्वास्थ्य शाखाको आयोजनामा मिति २०७९ चैत्र १९ र २० गते वडा नं ४, ताघ्रिङ स्वास्थ्य चौकी र वडा नं ५, घेर्मु स्वास्थ्य चौकीमा गर्भवती महिलाहरूका लागि निःशुल्क ग्रामिण अल्ट्रासाउण्ड (भिडियो एक्सरे) सेवा कार्यक्रम सम्पन्न भएको थियो । उक्त कार्यक्रम अन्तर्गत १५ जना गर्भवती महिलाहरूले सेवा प्राप्त गर्नुभएको थियो ।






Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

विविध | क्रियाकलाप | मर्स्याङ्दी बुलेटीन

वर्षः २ | अङ्कः १० | मितिः २०८० बैशाख १० गते, आइतबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

## प्रभात शान्तिपूर्ण माध्यामिक विद्यालयको हिरक जयन्ती अन्तर्गत विभन्न कार्यक्रम सम्पन्न

"बिद्या धनम् , सर्ब धनम् प्रधानम्" मर्स्याङ्दी गाउँपालिका वडा नं. ८ बडागाउँ स्थित श्री प्रभात शान्तिपूर्ण माध्यामिक बिधालयको हिरक जयन्ती समारोह संविधान सभा सदस्य एवं पूर्व माननीय जमिन्द्रमान घलेज्यूबाट समापन भएको थियो । बि. ब्य. स. अध्यक्ष पूर्ण बहादुर घलेज्यूको अध्यक्षतामा भएको तीन दिन समाहरोहमा बिशेष अतिथि विशेष अतिथिहरु मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ बिधालयका उपज एवं काठमाडौं विश्वबिधालयका प्रा. डा. डिल बहादुर गुरुङ, सल्लाहकार एवं पुर्व प्र. अ. जित बहादुर गुरुङ अतिथिहरु तिर्थ बहादुर बस्नेत, माथिल्लो मर्स्याङ्दी जलविद्युत आयोजना सरोकार तथा समन्वय समितिका अध्यक्ष नन्दराज तामाङ, जनप्रतिनिधिहरु राजनैतिक दलका प्रमुख तथा प्रतिनिधिहरु, शिक्षक, चन्दादाता, अभिभावकहरु र विद्यार्थीहरुको बाक्लो उपस्थित थियो।







## गाउँपालिका स्तरीय परीक्षाको अनुगमन कार्यक्रम सम्पन्न




मर्स्याङ्दी गाउँपालिका शिक्षा शाखाको समन्वय तथा सपेरिवेक्षणमा सञ्चालित कक्षा ४ देखि ९ सम्मको परीक्षाको अनुगमन कार्यक्रम गाउँपालिकाका अध्यक्ष अर्जुन गुरुङ, उपाध्यक्ष श्री जुना माया थापा, शिक्षा शाखा प्रमुख राजिव सुवर्णकार लागायतका माहानुभावले गर्नुभएको थियो । उचित शिक्षाको व्यवस्था नै गाउँपालिका अवस्था सुधार गर्ने मुल आधार भएको हुँदा शिक्षाको गुणस्तरमा सुधार गर्नको लागि एकिकृत परीक्षा सञ्चालन गर्न लागेको व्यहोरा गाउँपालिकाका अध्यक्षले श्री अर्जुन गुरुङ ज्यूले व्यक्त गर्नुभएको थियो ।








Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal

वर्षः २ | अङ्कः १० | मितिः २०८० बैशाख १० गते, आइतबार

संरक्षकः अर्जुन गुरुङ | सल्लाहाकारः तारा बहादुर तामाङ | प्रकाशकः मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति


## ग्रामिण अल्ट्रासाउण्ड हस्तान्तरण कार्यक्रम सम्पन्न

मिति २०७९ चैत्र ५ गते एक कार्यक्रमका विच गाँउपालिका अध्यक्ष अर्जुन गुरुङले खुदी स्वास्थ्य चौकीका सिनियर अनमी सिता घलेलाई अल्ट्रासाउण्ड मेसिन हस्तान्तरण गर्नुभएको थियो। गाउँपालिका अध्यक्ष गुरुङले ग्रामिण अल्ट्रासाउण्ड सेवा उपलब्ध भएसँगै गर्भवती आमाहरुलाई स्वास्थ्य सुरक्षाको वारेमा जानकारी लिन सजिलो हुने र परिक्षणको आधारमा उपचार प्रभावकारी हुने विश्वास व्यक्त गर्नुभयो । अल्ट्रासाउण्ड सेवाले ग्रामीण क्षेत्रमा गर्भवती, सुत्केरी आमा र नवजात शिशुको मृत्यु कम गर्न तथा जोखिमको अवस्थामा समयमै उपचार सेवा लिन सहज हुने गाउँपालिका अध्यक्ष गुरुङले बताउनुभयो । गाउँपालिका उपाध्यक्ष जुनामाया थापाले निशुल्क ग्रामिण अल्ट्रासाउण्ड सेवाबाट गर्भवती महिलाको र बच्चाको स्वास्थ्य अवस्था वारे जानकारी हुनुका साथै स्वास्थ्य समस्याको बारेमा समयमै पहिचान भई उपचारमा सहज हुने वताउनुभयो । पहिलो दिन आइतवार खुदी स्वास्थ्य चौकीमा पाँच जना गर्भवती






महिलाले अल्ट्रासाउण्ड सेवा लिएको गाँउपालिका अध्यक्षका स्वकिय सचिव सरोज गुरुङले जानकारी दिनुभयो ।एक ठाउँबाट अर्को स्थानमा सजिलै लानलयाउन मिल्ने प्रोटेवल अल्ट्रासाउन्ड मेसिन भएकाले पालिकाको वडा वडामा घुम्ति शिविर सञ्चालन गरि सेवा प्रदान गरिने गाँउपालिका स्वास्थ्य शाखा प्रमुख लुलबहादुर घलेले वताउनुभयो । अल्ट्रासाउण्ड सेवा प्रवाहका लागि गाउँपालिकामा एक जना तालिमप्राप्त स्वास्थ्यकर्मी रहेको घलले वताउनुभयो । स्वास्थ्य चौकी व्यवस्थापन समितिका उपाध्यक्ष बविता मजाकोटीको अध्यक्षतामा भएको अल्ट्रासाउण्ड मेसिन हस्तान्तरण एवं शुभारम्भ कार्यक्रममा गाउँपालिका उपाध्यक्ष जुनामाया थापा, प्रमुख प्रशासकीय अधिकृत तारा बहादुर तामाङ र स्वास्थ्य चौकी व्यवस्थापन समितिका पदाधिकारी लगायतको उपस्थिती रहेको थियो ।

## मर्स्याङ्दी गाउँपालिकाको प्रधानाध्यापकहरुको नियमित बैठक सम्पन्न

मिति २०७९ चैत्र १९ गते मर्स्याङ्दी गाउँपालिकाको प्रधानध्यापकहरुको नियमित बैठक सम्पन्न भएको थयो । उक्त बैठकमा परिक्षा बोर्ड द्वारा कक्षा ४ देखि ९ सम्मको प्रश्न-पत्र र उत्तर पुस्तिका सम्बन्धित बिद्यालयहरुलाई बितरण गर्ने, पालिका भरिने एउटै प्रश्नपत्रमा एउटै समय तालिकामा परिक्षा सन्चालन हुने, हरेक परिक्षा केन्द्रमा फरक बिद्यालयको केन्द्राध्यक्ष खटाईने लगायतका मुख्य निर्णयहरु गरिएको थियो ।बैठकमा गण्डकी प्रदेश सरकारको आयोजनामा सम्पन्न जिल्ला स्तरीय शिक्षक नृत्य प्रतियोगितामा गन्डकी प्रदेशमा प्रथम हुन सफल मर्स्याङ्दी गाउँपालिकाको शिक्षिकाहरु र हाजिरी जवाफ प्रतियोगितामा जिल्ला प्रथम हुन सफल शिक्षकहरुलाई प्रशंसा पत्र द्वारा सम्मान समेत गरिएको थियो । साथै मर्स्याङ्दी गाउँपालिकाका अध्यक्ष एवं शिक्षा समितिका अध्यक्ष अर्जुन गुरुङज्यूद्वारा परिक्षालाई व्यवस्थित र मर्यादित बनाउन निर्देशन दिनुभएको थियो ।







## मेड्पा कार्यक्रम अन्तर्गत मौरीपालन सीप विकास तालिम सम्पन्न



मर्स्याङ्दी गाउँपालिकाको आयोजनामा सञ्चालित गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा) अन्तर्गत ७ दिने मौरीपालन सीप विकास तालिम मर्स्याङ्दी गाउँपालिका वडा नं.-५, घेर्मुमा सम्पन्न भएको छ। उक्त तालिम २०७९ चैत्र ६ गते देखि १३ गते सम्म सञ्चालन भएको थियो। तालिम यसै वडाका वडा अध्यक्ष श्री घनश्याम घले ज्यूको अध्यक्षतामा सञ्चालन गरी सम्पन्न गरिएको थियो भने समापन कार्यक्रममा गाउँपालिका उपाध्यक्ष जुनामाया थापा, वडा सदस्य विक्ष बहादुर गरुङ, कार्यक्रम सम्पर्क व्यक्ति वसन्त बरुवाल र वडा सचिव केशव ढकाल ज्यूको उपस्थिती रहेको थियो । तालिममा प्रशिक्षण भिष्मकान्त कुईकेलले दिनु भएको थियो भने १३ जना प्रशिक्षार्थीको उपस्थिती रहेको थियो।






### मर्स्याङ्दी बुलेटीन प्रकाशन समिति

- भरत राज बाँस्तोला
- बसन्त बरुवाल
- सुनिता दशौंदी
- रुपा वंशी मगर
- सरोज गुरुङ





Designed By: Softnagari Pvt.Ltd, Pokhara, Nepal